**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**

मितिः २७ दिसम्बर २०२५

समयः १८:५० - १९:०० बजे

**<u>मुख्य समाचार</u>**

- राष्ट्रपति द्रौपदी मुर्मु आजदेखि गोवाए कर्नाटक र झारखण्डको चार दिने भ्रमणमा हुनुहुन्छ।

- पश्चिम बङ्गालमा मतदाता नामावलीको विशेष गहन पुनरीक्षण - एस.आई.आर.को सुनुवाइ चरण आजदेखि सुरु भएको छ।

- जातिय कवि अगमसिंह गिरीको जन्मजयन्ती विभिन्न स्थानहरु पालन गरियो।

    - र

- बडादिनपछि राज्यमा जाड़ोले फेरि एकपटक आफ्नो प्रभाव देखाएको छ।

**<u>राष्ट्रपति भ्रमण</u>**

राष्ट्रपति द्रौपदी मुर्मु आजदेखि गोवाए कर्नाटक र झारखण्डको चार दिने भ्रमणमा हुनुहुन्छ। भ्रमनको क्रममा उहाँ आज साँझ गोवा पुग्नुभयो। भोलिए उहाँ कर्नाटकको कारवार बन्दरगाहबाट पनडुब्बी यात्रामा निस्कनुहुनेछ। सोमबारए राष्ट्रपति मुर्मुले जमशेदपुरमा ओल चिकी लिपिको शताब्दी समारोहमा भाग लिनु हुनेछ। यो लिपि रघुनाथ मुर्मुले सन् १९२५ मा सन्थाली भाषाको लागि सिर्जना गर्नु भएको थियो। यो लिपि संथाल आदिवासी समुदायको लागि अत्यन्त सांस्कृतिक र भाषिक महत्त्वको छ र उनीहरूको पहिचानए साहित्य र सम्पदाको संरक्षणमा महत्त्वपूर्ण भूमिका खेल्छ। राष्ट्रपतिले सोही दिन एनआईटी जमशेदपुरको १५ औं दीक्षान्त समारोहलाई सम्बोधन गर्नु हुनेछ। मंगलबारए राष्ट्रपतिले झारखण्डको गुमलामा अन्तरराज्यीय जनसांस्कृतिक जमघट कार्तिक यात्रालाई सम्बोधन गर्नु हुनेछ।

**<u>तृणमूल महासचिव</u>**

तृणमूल कांग्रेसका राष्ट्रिय महासचिव अभिषेक बनर्जीले यस वर्षको अन्त्यमा मुख्य निर्वाचन आयुक्त ज्ञानेश कुमारलाई भेट्ने स्पष्ट पार्नुभएको छ। बैठक आगामी डिसेम्बर ३१ मा बस्नेछ। महासचिव बनर्जीले आज आयोजित पत्रकार सम्मेलनमा यो जानकारी दिनुभएको हो। पत्रकार सम्मेलनमा बनर्जीले एसआईआर प्रक्रियालाई लिएर निर्वाचन आयोगमाथि कडा हमला गर्नुभयो। उहाँका अनुसार निर्वाचन आयोग एक संस्थाको रूपमा नभई ह्वाट्सएपको माध्यमबाट काम गर्ने आयोग बनेको भन्नई छ। मतदाता नामावलीको मस्यौदा र खुलासाको प्रतिवेदन एकैदिन कसरी तयार पारिएको भन्ने गम्भीर प्रश्न उनको भनाइ थियो ।

**<u>पश्चिम बंगाल.एसआईआर</u>**

पश्चिम बङ्गालमा मतदाता नामावलीको विशेष गहन पुनरीक्षण - एस.आई.आर.को सुनुवाइ चरण आजदेखि सुरु भएको छ। राज्यभरमा तीन हजार दो सौ ३४ सुनवाई केन्द्र स्थापना गरिएको छ। **(पहिलो चरणमा लगभग ३२ लाख मतदातालाई**

**सुनुवाइका लागि बोलाइएको छ। यी मतदाताहरूको नाम सन् २००२ को मतदाता नामावलीसँग मेल खाँदैनथ्यो। मतदाताहरूले आधार कार्डसहित १२ मान्यता प्राप्त कागजातहरू मध्ये कुनै पनि पेश गर्न सक्छन्। तर आधार कार्डलाई मात्र सर्टिफिकेटको रुपमा लिइने छैन। निर्वाचन आयोगले नक्कली वा नक्कली कागजात पेश गर्नु दण्डनीय अपराध हुने स्पष्ट चेतावनी दिएको छ।**
**सुनुवाइका लागि आवश्यक सम्पूर्ण तयारी पूरा भएको राज्यका मुख्य चुनाव अधिकारी मनोज कुमार अग्रवालले जानकारी दिनुभयो। चार हजार पाँच सयभन्दा अधिक पर्यवेक्षकको निगरानीमा सुनुवाइ हुनेछ। ईआरओए एईआरओए बीएलओ अनि परिवेक्षकलगायत अधिकृत कर्मचारीबाहेक अन्य कसैलाई पनि सुनुवाई केन्द्रभित्र प्रवेश गर्न दिइने छैन। सुनुवाइका क्रममा प्रत्येक केन्द्रमा फोटो दस्तावेजीकरण गरिने छ।)**

यता जीटीए क्षेत्रको दुबैवटा जिलाहरु दार्जिलिंग एव कालेबुंग जिल्लाको बिभिन्न खण्डहरुको निर्धारित केन्दहरुमा एस.आई.आर.को सुनुवाइ प्रक्रिया आजदेखि शुरु गरिएको छ भने यस प्रक्रियालाई चुनाव आयोगको सामान्य प्रक्रिया सम्झेर सहयोग गरिदिन एक अधिकारीले अनुरोध गरेका छन्

<u>गिरी-जयन्ती</u>

सूचना अनि सांस्कृतिक विभाग, गोर्खाल्यान्ड क्षेत्रीय प्रशासन अनि साहित्य अकादमीको संयुक्त आयोजनामा आज दार्जिलिङको लुईस जुब्ली परिसरमा जातिय कवि अगमसिंह गिरीको जन्मजयन्ती औपचारिक रूपमा पालन गरियो। कार्यक्रममा प्रमुख अतिथिको रूपमा जी टी ए सभा अध्यक्ष अञ्जुल चौहान उपस्थित थिए भने विशिष्ठ अतिथिहरुमा जी टी ए डेपुटी चेयरम्यान राजेश चौहान अनि सूचना अनि सांस्कृतिक विभागका विभागिय सभासद अनोस थापा उपस्थित थिए। **कवि गिरीको प्रतिमा अघि दीप प्रज्ज्वलन गरी आरम्भ गरिएको कार्यक्रममा वरिष्ठ साहित्यकार डाक्टर गोकुल सिन्हाले कवि अगमसिंह गिरीको जीवनी अनि उनको जातिप्रतिको योगदानलाई प्रकाश पारे। यसरीनै कार्यक्रममा जी टी ए सभा अध्यक्ष अञ्जुल चौहानले जातिको उत्थानको निम्ति सधैं कवि गिरीको दर्शनलाई आत्मसात् गर्नु पर्ने बताए। कार्यक्रममा कवि पवन महिमाए कवि नरेश कटुवालए कवि आरती ठकुरी अनि कवि द्वारिका छेत्रीले कविता वाचन गरेका थिए। कार्यक्रममा जी टी ए - को आगामी वर्ष २०२६ को वार्षिक क्यालेण्डरको पनि लोकार्पण गरियो। यसका साथै सूचना अनि सांस्कृतिक विभागका अधिकारी अनोस् थापाले हाम्रो जातिय विभुतिसंगै भाषा साहित्यको जगेर्ना गर्नु पर्ने विषयमा जोड़ दिए। कार्यक्रममा जाति प्रेमीए सहित्यअनुरागीहरु लगायत अन्य मानिसहरूको बाक्लो उपस्थिति रहेको थियो। यस्तै गोर्खा जनपुस्तकालय खरसाङको आयोजनामा खरसाङमा गिरी जयन्ती समारोह सम्पन्न भएको छ। खरसाङको पंखाबारी रोडस्थित गोर्खा जातीय विभूति उद्यानमा रहेको जातीय कवि अगमसिंह गिरीको सलिकमा माल्यार्पणको साथमा आयोजित कार्यक्रममा प्रमुख अतिथिको रुपमा पुस्तकालयको पूर्व सभापति एवं वरिष्ठ समाजसेवी तिलक शर्मा उपस्थित रहेका थिए। यसका साथमा कार्यक्रममा साहित्यकारए समाजसेवी लगायतको बिशेष रुपमा उपस्थिति रहेको थियो। कालेबुङमा जातीय कवि अगमसिंह गिरीको जन्मजयन्ती आज श्रद्धापूर्वक पालन गरियो। त्रिकोण पार्कस्थित कवि गिरीको सालिकमा पुष्पाञ्जली अर्पण गर्न कालेबुङका विभिन्न क्षेत्रका विशिष्ट व्यक्तित्वए साहित्यप्रेमीए सामाजिक अगुवा तथा राजनीतिक दलका प्रतिनिधिहरूको उल्लेखनीय उपस्थिति रहेको थियो। कवि अगमसिंह गिरी सालिक संरक्षण समितिका अध्यक्ष डा. भुवन पी. खनालको उपस्थितिमा सम्पन्न उक्त कार्यक्रमको सञ्चालन समितिका मूल सचिव खड्ग छेत्रले गरे।**
**उता अगमसिंह गिरी साहित्य प्रतिष्ठानले सौरेनी बजार स्थित शालिक परिसरमा एक सामान्य कार्यक्रम बिच पालन**

**गरियो।प्रतिष्ठानका अध्यक्ष मनोहर शर्माको अध्यक्षतामा सम्पन्न उक्त समारोहमा प्रमुख अतिथिको रुपमा जीटीएका कार्यकारी सभासद अरुण सिग्ची उपस्थित थिए।समारोहमा विभिन्न क्षेत्रका विशिष्ट व्यक्तित्वए साहित्यप्रेमीए सामाजिक अगुवा तथा राजनीतिक दलका प्रतिनिधिहरूको उल्लेखनीय उपस्थिति रहेको थियो। प्रतिष्ठानका सहसचिव बालकृष्ण शर्माले सञ्चालन गरेको उक्त समारोहमा समारोह अध्यक्ष साथै प्रतिष्ठानका अध्यक्ष मनोहर शर्माले यस् वर्ष प्राकृतिक प्रकोपबाट सौरेनी क्षेत्र शोकमा रहेको कारण यो वर्ष सामान्य रुपमा पालन गरिएको बताउदै आगमी दिनहरूमा अझ भव्य साहित्यिक कार्यक्रमहरु लिएर पालन गरिने बताएका छन ।**

**कला सङ्गम बिजनबारीको आयोजनामा बिजनबारी-पुलबजार ग्राम पञ्चायत भवनमा अगमसिँह गिरी जन्मजयन्ती पालन गरेको छ। सगमका सभापति एमबहादुर सुब्बाको अध्यक्षतामा सम्पन्न यस कार्यक्रममा बिजनबारी कला संगमका संरक्षकद्वय राजेन्द्र प्रधान कुमुदरन्जन गिरी सल्लाहकार सदस्यहरु कमल प्रधानए टी०बी० बराईली ए दिपक प्रधान अनि प्रेमनाथ सेवा लगायत स्थानीय विशिष्ट व्यक्तिहरुका े सहभागिता रहेका े थियो े । कवि गिरीका े तस्बिरमा माल्यार्पण तथा दिप प्रज्ज्वलन गरेपछि शुरु गरेको कार्यक्रममा कवि सरन खालिङ्ले गिरीका े या ेगदान र महत्त्वबारे संक्षेपमा वक्तव्य पेश गरे भने गिरीले साहित्यको माध्यमबाट दार्जिलिङे समाजलाई झक्काउने कार्य गरेको स्मरण गरे।**

**<u>शशिप्रभा</u>**

खरसाङका साहित्यकार एवं कथाकार निरङ्कर थापालाई चौथो शशिप्रभा स्मृति पुरस्कार 2025 प्रदान गरिएको छ। साहित्य सुनौँ परिवार मिरिक र रिपोर्टर्स क्लब मिरिकको आयोजना सम्पन्न उक्त कार्यक्रममा उनलाई उनको उपन्यास कृति श्मार्साङश को लागि उक्त पुरस्कार प्रदान गरिएको छ। यस पुरस्कारमा चिन्ह र नगदराशि पचास हजार रुपियाँ पनि प्रदान गरिएको छ। साहित्य सुनौँ परिवार मिरिकका अध्यक्ष अमर दुङमाली राईको अध्यक्षता सम्पन कार्यक्रममा प्राध्यापक डा कबीर बस्नेत उपस्थित थिए । दुई चरणमा भएको कार्यक्रममा उपस्थित कविहरुले कविताहरु पठन गरेका थिए। उल्लेखनीय छ बिजय बान्तावा कैलाशीले आफ्नी पत्नी शशिप्रभा बान्तावाको नाममा विगत चार वर्षदेखि शशिप्रभा स्मृति पुरस्कार शुरु गरेका थिए। यसपाली पुरस्कारको लागि आएको 65 वटा कृतिहरुमा 10 वटा चयन भएका थिए। यसबाट खरसाङका साहित्यकार निरङ्कर थापाद्वारा लिखित उपन्यास श्मार्साङश लाई पुरस्कारको लागि चयन गरिएको छ।

**<u>ऊर्जा क्रान्ति वर्ष 2025</u>**

योए वर्ष 2025ए देशको ऊर्जा आत्मनिर्भरताको क्षेत्रमा विशेष उपलब्धिको वर्षको रूपमा जानिन्छ। इन्धन छेत्रमा ग्रीन हाइड्रोडनको सफल परीक्षणले अव हाइड्रोजनले पनि वाहनहरू चल्ने छन् जसले पर्यावरण प्रदुषणले धेरै राहत पाइने छ। यस बारे खरसांगकी एक जना पर्यावरणवीद चित्राले क्षेत्रीले केन्दर सरकारको हपलको सराहना गर्दै भन्नु भयो ------

ʊʊʊʊʊʊʊʊʊʊʊʊʊʊʊʊʊʊʊʊʊʊʊबाइट......ʊʊʊʊʊʊʊʊʊʊʊʊʊ

भारतको ऊर्जा निर्भरताको क्षेत्रमा क्रन्तिकारी परिवर्तनको रूपमा वर्ष २०२५ लाई याद गरिन्छ। जीवाश्म इन्धन अर्थात पेट्रोल डिजलमाथिको निर्भरतालाई धेरै हद सम्म कम जर्ने दिशामा प्रधानमंत्री नरेन्द्र मोदीको नेतृत्वमा केन्द्र सरकारले ग्रीन हाइड्रोजन ऊर्जाको विकास कार्यलाई गति दिएकोछ। पानीबाट नवीकरणीय ऊर्जा पवन र सङर्यको मददले अक्सिजन र हाइड्रोजनलाई अलग गरि इन्धनको रूपमा प्रयोग गर्ने खोज भविष्यका लागि एउटा परिवर्तनकारी कदम हो। यसरी ग्रीन हाइड्रोजनले चल्ने वाहनहरूले कार्बन उत्सर्जन गर्दैर र पर्यकवरणलाई प्रदूषण देखी मुक्त गर्नुमा ठूलो टेवा दिनेछ। हाम्रो पहाडमा पनी आज सौर्य ऊर्जाले गाँउघरलाई

उजकलो बनाइरहेकोछ भने इलैक्ट्रानिक वाहनहरूको प्रचलन मधेशमा बढ़दै गईरहेकोछ। केन्द्र सरकारको साहसिक तथा दृढ इक्छाशक्तिको यो परिणाम हो।)

**वर्ष 2025- डीजीटल भूगतानी**

वर्ष 2025 लाई डिजीटल लेनदेनको क्रान्ति वर्षको रूपमा जानीने छ। आज ससाना व्यपारी देखि ठुला उद्योग जगललाई व्यवसाय गर्नु डिजीटल भूगतानीले धेरै सजिलो बनाइ दिएको छ। ईज आफ डुइन्ग बिजनेशले गर्दा व्यवसाय क्षेत्रले ठुलो फर्को मारेको छ। खरसांगका एक जना व्यवसायी निशान सुनुवारले प्रधानमंत्री नरेन्द्र मोदीको यस पहलालाई धेरै सराहना गर्दै भन्नु भयो कि.....

(आज ब्यवसाय गर्नु धेरै सजिलो भएकोछ। पहीलाका पेचीलो आयकर कानूनहरूलाई संशोधित गरि सहजए सरल र बुझ्ने बनाईएकोछ। अब इनकमट्यक्स सेलट्यक्स अधिकारीहरूको डर छैन्। सबैथोकडिजीटल गरिएकोले प्रदर्शिता बढेर गएकोछ। चीया देखि पानए साग सब्जीए देखी हरेक लेनदेन नै डिजीटल भएकोछ। युपीआईले पैसा लिनु दिनु पठाउनु मंगालनु सबै सजीलो र एक क्लीकमा मोबाईलद्वारा सुनिश्चित गरेकोछ। प्रधानमंत्री नरेन्द्र मोदीको क्रान्तिकारी पहलहरूले वर्ष 2025 मा व्यसावलाई थप टेवा दिएको। र देशको सकल घरेलु उत्पादन दर विश्व मै एक नम्बर स्थकनमा छ। मो एउटा सानो सर्विस सेन्टर चलाउँछु र मोलाई डिजीटल भुग्तानीले खुचरा फर्काउन झण्झट देखी राहत मीलेकोछ र व्यसायलाई सरल बनाएकोछ ।)

बाइट.......निशान.....

**बंगलादेश हिन्सा विरोध**

बंगलादेशमा हिन्दुहरू विरूद्ध जारी हिन्साको विरोधमा आज खरसांगमा हिन्दु समाजले विरोध प्रदर्शन गर्दै शहरमा एउटा रैली निकाल्यो। विश्व हिन्दु परिषदको अगुवाईमा आयोजित यस विरोध रैलीमा खरसांग रेलवे स्टेशन अघाड़ी बंगलादेशका कार्यवाहक प्रधानमंत्री मोहम्मद युनुषको पुतला दहन गरियो। बंगलादेशमा हिन्दुहरू विरूद्धको हिन्सालाई तत्काल बन्द गर , दीपू चन्द्र दास अमर रहोस, बंगलादेश र जेहादी मुर्दाबादको नाराहरू लगाईयो। यस विरोध रैलीमा विश्व हिन्दु परिषद उत्तर बंगालका महासिचव लक्ष्मण अग्रवाल, दार्जीलिङ जिल्लाका महासचिव परमेश्वर कृष्ण दास र खरसांगका संयोजक केशव प्रसाद मिश्राले रैलीलाई संबोधित गरे।

**दक्षिण पूर्व रेलवे**

यात्री हरूको बढ़दो मागलाई ध्यानमा राख्दै दक्षिण पूर्वी रेलवेले धेरै विशेष रेलहरू सञ्चालनको अवधि बढाउने निर्णय गरेको छ। रेलवे द्वारा जारी अधिसूचना अनुसारए विभिन्न मार्गहरूमा चल्ने १६ विशेष ट्रेनहरू विभिन्न मितिहरूमा सञ्चालन जनवरी २०२६ देखि फेब्रुअरी २०२६ सम्म हुनेछन्।

दक्षिण पूर्वी रेलवेका अधिकारीहरूले यात्रुहरूलाई सहज र सुरक्षित यात्रा सुविधा प्रदान गर्न नयाँ वर्षए चाडपर्व र पर्यटन मौसमलाई ध्यानमा राखेर यो निर्णय लिइएको बताएका छन्। रेलवेले यात्रुहरूलाई यात्रा गर्नु अघि आधिकारिक माध्यमबाट सम्बन्धित ट्रेनहरूको मिति र समय निश्चित गर्न अपील गरेको छ।

**मौसम**

क्रिसमसपछि राज्यमा जाड़ोले फेरि एकपटक आफ्नो प्रभाव देखाएको छ। हिजो बिहान कोलकाताको न्यूनतम तापमान घटेर १२ डिग्री लगभग पुगेको थियो। यसपूर्व बिहीवार तापमान १३ डिग्री दर्ता गरिएको थियो अर्थात एक दिनमै जाड़ोले नयाँ रेकर्ड बनायो। कोलकाता मात्र नभएर सारा पश्चिम बंगालमै जाड़ोको प्रभाव स्पष्ट रूपमा देखिँदैछ। पस्चिमी विक्षोभ हट्नसाथ उत्तर दिशाबाट चिसो हावा सोझै राज्यमा प्रवेश गरिरहेको छ जसको परिणामस्वरूप पहाड़ी क्षेत्रको सट्टा मैदानी क्षेत्रमा अधिक जाड़ो भइरहेको छ। शुक्रवार बीरभूम जिल्लाको श्रीनिकेतनको तापक्रम घटेर ८ डिग्री दर्ता गरियो जसबाट राज्यको पार्वतीय क्षेत्र कालेबुङ पनि पछा पर्‍यो।

अलिपुर मौसम विभाग अनुसार आज न्यूनतम तापमान १२.६ डिग्री दर्ता गरियो जुन सामान्यभन्दा १.६ डिग्री कम हो। मौसम विभागका अनुसार आगामी दुई दिनमा राती तापमान १.२ डिग्री अझ घट्ने सम्भावना छ। उत्तर बंगालमा आगामी सात दिनसम्म तापमानमा विशेष परिवर्तन हुने कुनै सम्भावना छैन। जाड़ोको मामिलामा दार्जीलिङ सबैभन्दा अग्र पंक्तिमा छ जहाँ आज न्यूनतम तापमान लगभग ५ डिग्री दर्ता गरियो जबकि अलिपुरद्वार र बीरभूमको श्रीनिकेतन संयुक्त रूपमा दोस्रो स्थानमा रह्यो जहाँको तापमान ८ डिग्री रह्यो।
राज्यका अधिकांश भागहरूमा कुहिरोलाई लिएर चेताउनी जारी गरिएको छ। कुचबिहारको स्थिति सबैभन्दा अधिक गम्भीर छ। गए शुक्रवार साँझ घना कुहिरोको कारणले त्यहाँको दृश्यता लगभग शून्यसम्म पुगेको थियो।। जिल्लाको लागि जाड़ोको अरेञ्ज अलर्ट जारी गरिएको छ।

**भाजपा**

पश्चिम बंगालमा आगामी वर्ष २०२६.मा हुने विधानसभा चुनाउको तयारी अन्तर्गत भारतीय जनता पार्टीले आफ्नो रणनीतिहरूमाथि द्रूत गतिमा काम गरिरहेको छ। पार्टीले ती विधानसभा क्षेत्रहरूमाथि विशेष ध्यान केन्द्रित गर्न शुरू गरेको छ जहाँ पछिल्लो चुनाउमा थौरै मात्र अन्तरले पार्टी उम्मेद्वार परास्त भएको थियो।
भारतीय जनता पार्टीको राज्य समितिका एक जना सदस्य अनुसार वर्ष २०२४ को लोकसभा चुनाउमा सीटहरूको संख्या वर्ष २०१६.भन्दा कम भएपनि विधानसभा क्षेत्रगत प्रदर्शन वर्ष २०२१ को विधानसभा चुनाउभन्दा श्रेष्ठ थियो। २६४ वटा विधानसभा क्षेत्रहरूको परिणालाई विस्तार पूर्वक अध्ययन गरेपछि यस्ता क्षेत्रहरूको पहिचान गरिएको छ जहाँ हारको अन्तर धेरै कम थियो। अब यी सीटहरूमाथि विशेष रणनीति अन्तर्गत काम गरिँदैछ। यसबीच पार्टी नेतृत्वले विशेष गहन पुनरीक्षण प्रक्रियामाथि पनि नजिकबाट नजर राखिरहेको छ। १६ दिसम्बरमा जारी प्रारूप मतदाता सूचीमा ५८.२० लाख मतदाताहरूको नाम हटाइसकिएको थियो। दाबी एवं आपत्तिहरूको सुनवाई प्रक्रिया शुरू भइसकेको छ।

****** ० ******